आज मिति २०७२ भदौ २७ गते आइतवारका दिन मेचीनगर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री केशव भट्टराईज्यूको अध्यक्षतामा नगरपालिकाको विशेष परिषद निम्न उपस्थितिमा बस्यो ।

उपस्थिति

| | |
|---|---|
| कार्यकारी अधिकृत तथा नगरप्रमुख | श्री केशव भट्टराई |
| आमन्त्रित | |
| सामुदायिक अधिकृत | श्री अनन्त प्रकाश वस्ती |
| लेखा अधिकृत | श्री राजन कुमार भेटवाल |
| इन्जीनियर | श्री कमल प्रसाद कोइराला |
| खाध्य अधिकृत | श्री दिपेन्द्र कार्की |
| इन्जीनियर | श्री ईन्द्र बहादुर थापा |
| सुचना अधिकृत | श्री शम्भु पौडेल |
| आ.ले.प. अधिकृत | श्री चक्रपाणी खनाल |
| कानुन अधिकृत | श्री भुईदल राई |
| महिला विकास अधिकृत | श्री ईन्दीरा खरेल |
| लेखापाल | श्री अधिकलाल मोची |
| नायब सुब्बा | श्री रमेश अर्चाय |
| नायब सुब्बा क. अ. | श्री लक्ष्मी राई |
| नायब सुब्बा सा. प. | श्री जयन्ती खरेल |
| नायब सुब्बा | श्री पवित्रा सुब्बा |
| नायब सुब्बा | श्री यशु लिम्बु |
| नायव सुब्बा | श्री जिवनाथ रेग्मी |
| नायब सुब्बा वि.हे.मि. | श्री ऋषि प्रसाद निरौला |
| नायब सुब्बा | श्री राजेन्द्र राई |
| सब-ईन्जीनियर | श्री कमल प्रसाद शर्मा |

## विशेष परिषद

बिषय : **"वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२"कार्यान्वयन गर्ने बारे ।**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७२/०४/२९ को निर्णय अनुसार प.सं. २०७२/०७३ च.नं. ५-१-३० मिति २०७२/०४/३१ को पत्रसाथ "वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२" स्वीकृत भएको एक महिनाभित्र विशेष परिषद बोलाई आफ्नो परीषदबाट स्वीकृत गराई कार्यान्वयन गर्नु भन्ने बारेको पत्र एंव प्राप्त मार्गदर्शन विशेष परिषद समक्ष पेश भयो ।

मिति २०७२/०५/११ र ०७२/०५/२६ को सर्वदलीय सयन्त्रको बैठकको सुझावका आधारमा वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२ कार्यान्वयनका लागि प्रस्ताव गरीएका विषयहरु मध्ये नगरपालिका गठन पूर्व निर्माण गरीएका संरचना सम्बन्धमा, हाल रहेका भवनहरुको क्षेत्र विस्तार तथा तल्ला थप सम्बन्धमा, निर्माण स्थलमा तोकिएको खुल्ला क्षेत्र कायम राख्दा न्यून क्षेत्रफल भएका जग्गामा भवन बन्न नसक्ने अवस्थाका सम्बन्धमा, Soil Test गरी "क" र "ख" वर्गका भवन निर्माण गर्ने निर्माणकर्ताको पहुँचका सम्बन्धमा र स्पष्ट नभएका अन्य विषयमा थप स्पष्ट हुन आवश्यक देखिएको हुदाँ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा स्पष्टताका लागि अनुरोध गर्ने र सो समेत यसै परिषदको अंश हुने गरी उल्लेखित पत्रबाट प्राप्त मार्गदर्शन स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ सँग बाझिएको हदसम्म स्वतः ऐन नियम नै कार्यान्वयन हुने गरी प्राप्त मार्गदर्शन स्वीकृत गर्ने साथै मार्गदर्शनमा उल्लेखित प्राविधिक जनशक्ति सम्पूर्ण व्यवस्थापन गर्न सक्ने अवस्था नभएको हुदाँ विशेष परिषद नियमानुसार गर्न सिफारीस समेत भई आएको हुदाँ मार्गदर्शनको मूल मर्मलाई ध्यान राखी हाललाई संगठन संरचनामा थप गरी स्ट्रक्चरल ईन्जीनियर १ र सब-ईन्जीनियर १ थप दरबन्दी श्रृजना गरी पदपूर्ति गर्ने र सोका लागि आवश्यक पर्ने श्रोत साधनको व्यवस्थापन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरी विशेष परिषद सम्पन्न गरियो ।

२०७२/०५/२६